# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २४

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन २९ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विमला नेपाली
२. मा० श्री भरतकुमार शाह
३. मा० श्री भिमसेनदास प्रधान
४. मा० श्री महेश्वरजंग गहतराज (अथक)
५. मा० श्री मिना सुब्बा
६. मा० श्री मिनबहादुर विश्वकर्म
७. मा० श्री यज्ञबहादुर बोगटी
८. मा० श्री यज्ञराज सुनुवार
९. मा० श्री रंगमती शाही
१०. मा० श्री राजेन्द्र कुमार के.सी.
११. मा० श्री राजेन्द्र प्रसाद गौतम
१२. मा० श्री रामबहादुर विष्ट
१३. मा० श्री रामबाबु कुमार यादव
१४. मा० श्री रेनुका गुरुङ्ग
१५. मा० श्री रेणुकुमारी यादव
१६. मा० श्री लक्ष्मणलाल कर्ण
१७. मा० श्री लक्ष्मी परियार

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री प्रदिप यादव
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री ईन्दु कुमारी शर्मा
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री उमाशंकर अरगरिया
९. मा० श्री निरादेवी जैरु
१०. मा० श्री राजेन्द्रप्रसाद लिङदेन
११. मा० श्री विद्या भट्टराई
१२. मा० श्री दुर्गा पौडेल

तत्पश्चात मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले “धितोपत्र सम्बन्धी ( पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री राजेन्द्रकुमार के.सी.
३. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री शेरबहादुर तामाङ्ग
६. मा० श्री गजेन्द्रबहादुर महत
७. मा० श्री रामकुमारी झांक्री

तदुपरान्त मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले “कारागार विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (**Palermo Protocol**) को प्रावधानमाथि सदनमा छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (**Palermo Protocol**) को प्रावधानमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री गजेन्द्रबहादुर महत
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (**Palermo Protocol**) लाई निम्नलिखित आरक्षण सहित अनुमोदन गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट अनुमोदन भयो ।

**"Reservation**

**In accordance with Article 15(3), the Government of Nepal declares that it does not consider itself bound by the obligation set forth in Article 15(2)."**

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य पूर्णकुमार शेर्माको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली काँग्रेसको तर्फबाट राष्ट्रिय सभामा मनोनित सदस्य, २०६४ सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट पाँचथर जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित सदस्य, पूर्व स्थानीय विकास मन्त्री, नेपाली राजनीतिमा सादगी, निष्ठावान एवं समाजवादी नेताका रुपमा परिचित विकासप्रेमी नेता पूर्णकुमार शेर्माको ७६ वर्षको उमेरमा मिति २०७६ साल फागुन २८ गते बुधबार ललितपुरस्थित निदान अस्पतालमा मिर्गौला रोगको उपचारको क्रममा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय पूर्णकुमार शेर्माको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७६ साल चैत ७ गते शुक्रबार दिनको १:०० बस्नेगरी दिनको १:१५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव